# नीति पत्र (Policy Brief)

अङ्क १ जेठ २०६६

मार्टिन चौतारी
www.martinchautari.org.np

# संविधान निर्माण प्रक्रिया

**सुझाव**

१. राजनीतिक दलहरूबीच भएका विगतका सम्झौताहरूमा उल्लिखित सहमति र सहकार्यका विषयमा संविधानसभामा प्रतिनिधित्व गर्ने सम्पूर्ण दलहरू प्रतिबद्ध हुनु पर्दछ । विशेषतः यी प्रतिबद्धताहरू संविधानसभाभित्र पूर्ण रूपले पालना गर्नु पर्दछ ।

२. राजनीतिक दलहरूबीचको अविश्वास घटाउन, अर्थपूर्ण सहमति र विश्वासको वातावरण पुनर्निमाण गर्न सार्थक पहल गर्नु पर्दछ ।

३. सम्पूर्ण राजनीतिक दलका नेताहरू र संविधानसभा सदस्यहरूले सार्वजनिक वृत्तबाट आएका सार्थक सुझाव, सरसल्लाह तथा बहसहरूप्रति साझा प्रतिबद्धता जनाउनु पर्दछ । यसका साथै, नागरिकसँगको परामर्शबाट प्राप्त भएका मुद्दाहरूको साझा निष्कर्ष निकाल्ने कार्यप्रति पनि प्रतिबद्धता व्यक्त गर्नु पर्दछ । यी मुद्दा तथा चासोहरू कुन रूपमा र कुन आधारमा संविधानसभामा समाहित गरियो वा गरिएन भनेर स्पष्टसमेत पार्नु पर्दछ ।

४. साना दलहरू र सीमान्तीकृत समूहहरूसँग सम्बन्धित मुद्दालाई सम्बोधन गर्नका लागि संविधानसभाभित्र एउटा समावेशी समितिको निर्माण गर्नु पर्दछ ।

५. संविधानसभाका समितिहरू र सदस्यहरूले आमनागरिकको सुझाव र सरोकार, विशेषज्ञता र ज्ञानमूलक सहयोग लिनु पर्दछ ।

६. मुख्यतः जनमत सङ्कलन समिति र नागरिक सम्बन्ध समितिका साथै संविधानसभालाई प्रदान गरिएका स्रोतहरूको स्वरूप र भौतिक सहायताको पुनर्मूल्याङ्कन गर्ने कार्य सुरु गर्नु पर्दछ । अग्रिम रूपमा नै संविधान मस्यौदा प्रक्रियाको लागि आमधारणा खोज्न र विश्लेषण तथा संश्लेषण गर्न उपयुक्त र विस्तृत योजना बनाउनु पर्दछ ।

७. समावेशी र प्रभावकारी परामर्शको प्रक्रियाका सहयोगी राष्ट्रिय र अन्तर्राष्ट्रिय समूहहरूको भूमिका संयोजन गर्नु पर्दछ । यसबाट एकअर्काका कामहरू दोहोरिन पाउँदैनन् र राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा पहुँच बढाउन पनि मद्दत पुग्छ । तटस्थता, जुझारुपन र व्यावसायिकतालाई सुनिश्चित गर्न प्रभावकारी संयन्त्रहरूको निर्माण गर्नु पर्दछ ।

८. समयसीमा र समयतालिकाअनुरूप काम सम्पन्न गर्नेतर्फ सबै प्रयासहरू केन्द्रित हुनु पर्दछ । तर यसो गर्दा अर्थपूर्ण बहस र सहभागितालाई बेवास्ता गर्नु हुँदैन ।

## परिचय

ऐतिहासिक संविधानसभाको चुनावले संविधान लेखन प्रक्रियालाई मूर्त रूप दिए पनि यो प्रक्रिया प्रारम्भदेखि नै जटिल रह्यो । एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी)[१] को सरकारले प्रधान सेनापति रुक्माङ्गद कटुवाललाई बर्खास्त गर्ने निर्णय गरेपछि नेपालको तरल राजनीतिमा एउटा प्रतिक्रियात्मक राजनीतिक घटनाक्रमको थालनी भयो । मुख्यतः राष्ट्रपतिको पत्रमार्फत सरकारको निर्णय बदर हुनु र अन्ततोगत्वा प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) आफैँले राजिनामा दिनुपर्ने परिस्थितिले देशमा एउटा राजनीतिक सङ्कट देखा परेको छ । उल्लिखित घटना र परिघटनाले संविधान लेखन प्रक्रिया मात्रै नभई सिङ्गो शान्ति प्रक्रियालाई नै जटिल मोडमा ल्याइदिएको छ । सहमतिको राजनीतिमा सबैले जोड दिए पनि एनेकपा (माओवादी) र मधेसी जनअधिकार फोरम (मजफो)ले संविधानसभाको चुनावमा पाएको सफलता देशको राजनीतिमा सहमति भन्दा पनि द्वन्द्वको कारण बन्न पुग्यो । यी सबै घटनाक्रमले प्राथमिकताको सूचीमा रहेका सेना समायोजन, बेपत्ता पारिएका नागरिकको स्थिति, आर्थिक नीति र समग्रमा निर्माण गर्नुपर्ने न्यायिक राज्यको स्थापना जस्ता मुद्दाहरूमा बहस आरम्भ हुन सकेको छैन ।

संविधानसभाको चुनावपछि राजनीतिक दलहरूले शक्ति बाँडफाँट र यसको बिस्तारलाई प्राथमिकता दिए । सत्ता र शक्ति केन्द्रित यस्तो राजनीतिका कारण भय र असुरक्षाको वातावरण सिर्जना भयो र विश्वासको वातावरण निर्माण हुन सकेन । यस्तो राजनीतिक परिवेशले नेपालको संविधान निर्माण प्रक्रिया ओझेलमा परेको छ । फलस्वरूप ऐतिहासिक संविधानसभाको चुनावले प्रदान गरेको राज्यको संरचनालाई रूपान्तरण गर्ने र वास्तविक रूपमै नयाँ, न्यायिक र समावेशी राज्य निर्माण गर्ने नवीनतम् अवसरको उपयोग हुन सकेको छैन । संविधानसभाको चुनावी परिणामले काठमाडौं केन्द्रित विगतको राजनीतिक संस्कारलाई चुनौती त दियो तर सत्ताशक्तिको उही पुरानो राजनीति भने परिवर्तन हुन सकेन । विभिन्न दलहरूबीचको मतभेद र दलहरूभित्रकै आन्तरिक विभाजनले प्रमुख मुद्दाहरूमा फरक-फरक मत देखापर्दै गएको छ ।

यस्तो किसिमको राजनीतिक घटना र प्रवृत्तिको प्रत्यक्ष असर संविधान लेखन प्रक्रियामा परेको छ । नेपालका तीन प्रमुख राजनीतिक दल एनेकपा (माओवादी), नेपाली काँग्रेस (नेका), नेपाल कम्युनिष्ट पार्टी-एकीकृत मार्क्सवादी-लेनिनवादी (नेकपा-एमाले) तथा राष्ट्रिय राजनीतिमा उदाएको मजफो सहितको सत्ताशक्तिको राजनीतिले अहिले प्रश्रय पाएको छ । त्यसैले नेपाली समाजको समावेशी र विविधतामूलक चरित्र चित्रण गर्ने संविधानसभाको निर्माण भए पनि यसले ठोस उपलब्धि हासिल गर्न सकेको छैन । विशेषतः नयाँ संविधान निर्माणसम्बन्धी विभिन्न चरणका काम कारवाही कार्यतालिकाअनुसार हुन सकेका छैनन् । त्यस्तै, यस प्रक्रियामा साना दल र सीमान्तीकृत वर्गको सहभागिता सीमित रूपमा मात्र भएको छ । कमजोर तयारी र कार्यान्वयनमा देखिएका त्रुटिका कारण संविधान लेखन प्रक्रियामा आम नागरिकको सहभागिता पनि सन्तोषजनक हुन सकेको छैन ।

## संविधान सभाको पृष्ठभूमि र ढिलाइ

विभिन्न विवादित विषय र मुद्दाहरूलाई थाती राखेर पनि तालिकाअनुसार नै १५ जेठ २०६५ मा गणतन्त्र नेपालको घोषणा भएको थियो । संविधानसभाको चुनावपछि पनि तीन प्रमुख राजनीतिक दलले सार्वजनिक रूपमै सहमतिमा आधारित राष्ट्रिय सरकारको संकल्प सार्वजनिक गरेका थिए । तर संविधानसभाको चुनावमा एनेकपा (माओवादी) र मजफोले पाएको सफलता नै राष्ट्रिय राजनीतिमा द्वेषपूर्ण राजनीतिको बीजारोपणको कारण बन्न पुग्यो ।

चुनावी परिणामका केही तात्कालिक असरहरू देखा परे । प्रथमतः नेका र नेकपा (एमाले)ले र पछि गएर मजफोले तत्कालीन नेकपा (माओवादी)बाट अधिनायकवादको डर देखे । अन्तरिम संविधानमा प्रस्ट रूपमा व्यवस्था गरिएको सरकार गठन र भङ्ग गर्न दुई तिहाई बहुमत आवश्यक पर्ने प्रावधान संशोधन गरी सामान्य बहुमतका आधारमा गर्न सकिने बनाउनु त्यही डरकै परिणति थियो । त्यस्तै, राष्ट्रप्रमुखको पदबारे पनि संविधानसभाको पहिलो बैठकले निर्क्योल गर्ने प्रावधान अन्तरिम संविधानमा थियो । वास्तवमा नेका र एमालेले राख्न जोड दिएको राष्ट्रपतिको पद संवैधानिक मात्र नभई एनेकपा (माओवादी)लाई सन्तुलनमा राख्ने अवधारणाअनुरूप थियो भन्ने कुरा हालको राजनीतिक घटनाक्रमले पनि पुष्टि गरेको छ । प्रारम्भिक अवस्थामा संवैधानिक राष्ट्रपतिको प्रावधानले दुई समानान्तर शक्ति केन्द्र निर्माण हुने र यसले अस्थिरता र असमझदारी निम्त्याउने तर्क एनेकपा (माओवादी)ले गरेको थियो । तर १४ जेठमा सबै पार्टीले संवैधानिक राष्ट्रपतीय प्रणालीमा सहमति जनाए । त्यसको साथसाथै २७ जेठसम्ममा सबै राजनीतिक दलहरूले सामान्य बहुमतको आधारमा राष्ट्रपति, उपराष्ट्रपति र प्रधानमन्त्री निर्वाचित गर्न सकिने विषयमा सहमति जनाइसकेका थिए । उक्त सहमतिमा राष्ट्रपति र उपराष्ट्रपतिलाई हटाउनुपर्दा दुई तिहाई बहुमत आवश्यक पर्ने व्यवस्था गरियो जबकि प्रधानमन्त्री चाहिँ सामान्य बहुमतको आधारमै हटाउन सकिने प्रावधान राखिएको थियो ।[२]

---

[१] २९ पुस २०६५ मा नेपाल कम्युनिस्ट पार्टी (माओवादी) र नेपाल कम्युनिस्ट पार्टी (एकताकेन्द्र-मसाल)बीच एकीकरण भएपछि सो दलको नाम एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी) भयो । यहाँ उक्त दलको छोटकरी नाम– एनेकपा (माओवादी) – प्रयोग गरिएको छ ।

[२] The Kathmandu Post. 2008. Prez, VP, PM Election by Simple Majority. 10 June, pp. 1, 3.

माथि उल्लिखित पदहरूको उम्मेदवारीको विवादले पनि निर्वाचनपछिको विभाजित राजनीतिक प्रवृत्तिलाई उजागर गर्छ। सुरुमा नेका र एनेकपा (माओवादी) दुवैले राष्ट्रपतिको पदमा दाबी गरे पनि पछि एनेकपा (माओवादी)ले राष्ट्रपतिका रूपमा गैरराजनीतिक व्यक्तिको प्रस्ताव अघि सार्‍यो। तर सो प्रस्तावलाई अन्य दलहरूले 'कठपुतली' झैँ कमजोर राष्ट्रपति हुने तर्क अघि सारेर अस्वीकार गरे। यही घटनाबाट प्रतिस्पर्धी पदहरूका लागि सहमतिभन्दा पनि असहमति र मतभेदको राजनीतिक अभ्यासको सुरुआत भयो। यसअघि जोड दिइँदै आएको राजनीतिक सहमति भङ्ग भए पनि एनेकपा (माओवादी) र एमालेबीच वामपन्थी पृष्ठभूमिको आधारमा राष्ट्रपति पदका लागि प्रारम्भिक गठबन्धनको प्रयास भएको थियो। तर उक्त पदका लागि एमालेले अघि सारेका माधवकुमार नेपालको वैकल्पिक उम्मेदवार खोज्नुपर्ने एनेकपा (माओवादी)को अनुरोधलाई एमालेले अस्वीकार गर्‍यो। अन्ततः १३ असार २०६५ मा एनेकपा (माओवादी)ले रामराजाप्रसाद सिंहको नाम राष्ट्रपतिको उम्मेदवारका रूपमा एक्कासि अगाडि सार्‍यो। यसरी २ साउनसम्ममा प्रमुख दलहरूले आ-आफ्ना उम्मेदवारहरू अघि सारे जसमा मजफोले आफ्नो उम्मेदवार परमानन्द झालाई उपराष्ट्रपतिको पदमा सघाए मात्र एनेकपा (माओवादी)को राष्ट्रपतिको उम्मेदवारलाई सघाउने सर्त अगाडि सार्‍यो। सोही बखत एनेकपा (माओवादी)ले राष्ट्रपति महिला अथवा सीमान्तीकृत समूहबाट हुनुपर्ने कुरामा जोड दियो। एनेकपा (माओवादी)को यस प्रस्तावमा सहमत हुन नसकेर मजफो नेकाका उम्मेदवार रामवरण यादवलाई सघाउने कित्तामा उभियो। मजफोको यस कदमले तीन मधेसी दलहरू मजफो, तराई मधेस लोकतान्त्रिक पार्टी (तमलोपा) र नेपाल सद्भावना पार्टीबीच रामराजाप्रसाद सिंहलाई समर्थन गर्ने अघिल्लो सहमतिमा फाटो आयो। तमलोपा र सद्भावनाले भने माओवादीले अघि सारेका उम्मेदवारलाई सघाए। यसरी ४ साउनमा भएको निर्वाचनमा उपराष्ट्रपति पदमा परामानन्द झा निर्वाचित भए भने राष्ट्रपति पदका लागि कुनै पनि उम्मेदवारले स्पष्ट बहुमत हासिल गर्न सकेनन्। त्यसपछि राष्ट्रपति पदका लागि दोहोर्‍याएर भएको निर्वाचनमा एनेकपा (माओवादी)का तर्फबाट अघि सारिएका रामराजाप्रसाद सिंह नेकाका उम्मेदवार रामवरण यादवसँग पराजित भए। यादवलाई नेका, एमाले र मजफोको संयुक्त गठबन्धनको समर्थन थियो।

१४ साउनको दिन राष्ट्रपतिबाट एनेकपा (माओवादी)लाई राष्ट्रिय सहमतिको आधारमा सरकार निर्माण गर्न आह्वान गरियो। तर आह्वान गरिएअनुरूप सरकार निर्माणको प्रक्रिया सहज हुन सकेन किनकि आफ्नो राष्ट्रपति उम्मेदवारको पराजयबाट रुष्ट एनेकपा (माओवादी)ले तीन सूत्रीय माग अघि सारे। तीमध्ये एउटा मुख्य माग नेका, एमाले र मजफोको गठबन्धन विघटन हुनुपर्ने भन्ने थियो।[३] भावी सरकारको नेतृत्व माओवादीले गर्ने दाबीलाई अन्य दलले स्वीकारे पनि प्रमुख मन्त्रालयहरूमाथि आफ्नो दाबीलाई तिनले छोडेका थिएनन्। अन्ततः ३० साउनमा एनेकपा (माओवादी), एमाले र मजफोबीच सरकार गठनका लागि सहमति बनेपछि चार महिना लामो राजनीतिक गतिरोधको अन्त्य भयो। यसरी एनेकपा (माओवादी)का नेता पुष्पकमल दाहाल ३१ साउनमा प्रधानमन्त्रीमा निर्वाचित भए। र, पूर्वसहमति बमोजिम एमालेका सुवास नेम्वाङ सभामुख र माओवादीकी पूर्णकुमारी सुवेदी उपसभामुखमा निर्वाचित भए।[४]

सरकार गठन प्रक्रियामा भएको ढिलाइसँगै, विभिन्न संवैधानिक समितिहरूको गठन र संविधानसभा नियमावली तयार पार्ने काम पनि संविधानसभा चुनाव सम्पन्न भएको ७ महिनापछि (कात्तिक अन्त्यतिर) मात्र भयो। सुरुमा १५ सदस्यीय संवैधानिक समिति गठन गर्ने प्रस्ताव भए पनि सबै दलहरूको प्रतिनिधित्व हुने गरी सदस्य सङ्ख्या ६१ बनाइयो र उपसमितिहरू गठन गरी संविधान मस्यौदा तयार पार्ने जिम्मेवारी तोकियो।[५] त्यस्तै, सबैभन्दा शक्तिशाली र महत्वपूर्ण मानिएको संवैधानिक समितिको अध्यक्ष पदप्रति प्रमुख दलका शीर्ष नेताहरूले देखाएको विशेष रुचि पनि ढिलाइको कारण बन्न पुग्यो। स्वाभाविक रूपमा अन्य समितिका सभापति छनोटका क्रममा देखिएको भागबण्डाको किचलोले सो प्रक्रिया अझ लम्बियो। विवादको अर्को विषय नियमावली मस्यौदा गर्ने क्रममा संविधानसभाका सदस्यहरूलाई पार्टीको ह्वीप लाग्ने वा स्वविवेकीय मत प्रयोग गर्न पाउने भन्ने थियो। यद्यपि पार्टी ह्वीप र स्वविवेकीय मत प्रयोगबारे नियमावली मौन बस्ने सहमति गर्दै १ संवैधानिक

[३] अन्य दुई मागहरूमा पहिलो, २५ राजनीतिक दलहरूको न्यूनतम् साझा कार्यक्रममा एनेकपा (माओवादी)का अधिकांश एजेण्डाहरूलाई समावेश गरिनुपर्ने र दोस्रो, सरकारलाई कम्तीमा पनि दुई वर्षसम्म बिनाअवरोध कार्य सम्पादन गर्न दिने भनेर अन्य दलहरूले लिखित प्रतिबद्धता व्यक्त गर्नुपर्ने भन्ने थियो।

[४] नेम्वाङ र सुवेदी क्रमशः २०६५ साउन र मङ्सिरमा निर्वाचित भएका थिए।

[५] हरेक विषयगत समिति र प्रक्रियागत समितिमा बहिष्कृत समूह र दुर्गम क्षेत्रसमेतका गरी ४३ सदस्यहरू छन्। कुनै पनि व्यक्ति एउटा मात्र समितिको सदस्य हुन सक्छ। त्यस्तै, संविधानसभामा केवल एक सिट प्राप्त गरेका दलहरूले अन्य उपसमितिहरूमा नभई संवैधानिक समितिमा मात्र प्रतिनिधित्व गरेका छन्। संविधानसभामा एक सिट मात्र प्राप्त गरेका दलहरू यसप्रकार छन् : चुरे भावर राष्ट्रिय एकता पार्टी, नेपाल लोकतान्त्रिक समाजवादी दल, नेपा: राष्ट्रिय पार्टी, नेपाल परिवार दल, दलित जनजाति पार्टी र समाजवादी प्रजातान्त्रिक जनता पार्टी नेपाल। संविधानसभामा दुई सिट मात्र प्राप्त गरेका अन्य पाँच दलहरूको दुई ओटा समितिमा प्रतिनिधित्व रहेको छ। संविधानसभाका १४ ओटै समितिमा प्रतिनिधित्व गर्ने दलहरू भने पाँच ओटा मात्र छन्, ती हुन् : तमलोपा, मजफो, एनेकपा (माओवादी), नेका र नेकपा (एमाले)। यद्यपि संविधानसभाको पूर्ण बैठकमा मस्यौदा प्रस्तुत भएपछि बहसमा भने सबैले सहभागी हुन पाउँछन् (Simkhada, Dhruba. 2008. Who Will Lead the Committees? *Nepali Times*, 5 December, p. 9)।

समिति, १० विषयगत समिति र ३ प्रक्रियागत समिति बनाउने निर्णय गरियो र पास पनि भयो ।[६]

## बहिष्करणको राजनीति : ठूला दलहरूको प्रभुत्वको पुनर्संरचना

मधेसवादी दलहरूले १३ असार २०६५ मा आफ्ना मागहरू संविधान संशोधन मस्यौदामा समावेश गर्नुपर्ने माग राखी रोष्ट्रम घेराउ गरे । यसबाट प्रमुख राजनीतिक दलहरूबीच चल्दै आएको शक्तिको खिचातानीमा अर्को मुद्दा थपियो । मधेसवादी दलहरूले उठाएको 'एक मधेस एक प्रदेश'को मागलाई एमाले र माओवादीले अस्वीकार गरे । यसले गर्दा पनि अन्तरिम संविधानमा पाँचौं संशोधन मस्यौदा दर्तामा ढिलाइ भयो । यसको प्रत्यक्ष असर राष्ट्रपति लगायत अन्य पदहरूको चुनावमा पऱ्यो जसले सरकार निर्माण प्रक्रियामा पनि प्रभाव पाऱ्यो । त्यस्तै २० असारमा विभिन्न समुदायसँग गरेको निर्णय कार्यान्वयन गर्न राज्य पुनर्संरचना आयोग गठनका लागि पूरक मस्यौदा ल्याउने सहमति भयो । तर त्यसमा प्रयोग हुने शब्दावलीमा दलहरूबीच सहमति जुट्न सकेन । यही अवधिमा संविधानसभाले अन्तरिम संविधानमा पाँचौं संशोधन मस्यौदा पारित गरेर सरकार बनाउने र संविधानसभा सञ्चालन प्रक्रियालाई मार्ग प्रशस्त गर्ने भन्ने निर्णय भए पनि यी सम्पूर्ण प्रक्रियालाई मधेसवादी दलहरूले भने बहिष्कार गरे ।

### *आश्रयमुखी राजनीतिक अभ्यास*

पटक पटक संविधान संशोधन गर्ने कार्यको विभिन्न कानुनविद्हरूबाट आलोचना हुँदै आएको थियो । उनीहरूले यस्तो कार्यले संविधान लेखन प्रक्रियामा जटिलता थपिने मात्र नभई विभिन्न समुदायहरूको माग र स्वार्थअनुरूप देशको भावी स्वरूप निर्माण हुने खतरा औंल्याएका थिए । यही सन्दर्भमा संविधानविद् यश घइले लेखेका छन् :

> अन्तरिम संविधानको मुख्य काम भनेको संविधान निर्माण प्रक्रियालाई मार्गनिर्देश गर्नुका साथै आमनागरिकलाई सुरक्षाको प्रत्याभूति दिने र संविधान निर्माण प्रक्रियाले अवलम्बन गर्ने बाटोको पूर्वानुमान गर्न सघाउने हो । तर पटक-पटकको संविधान संशोधन गर्ने अभ्यासले यस्तो अवस्थाको सृजना हुन सक्दैन । हुन त परिवर्तनको मागले ती आन्दोलित समुदाय पुरानो व्यवस्थासँग असन्तुष्ट भएको जनाउ दिएको छ तर यस्तो 'आन्दोलित' समुदाय र दलहरूबीच गरिने दुई पक्षीय सहमतिमा शक्तिशाली दलहरूको 'आधिकारिकता र आश्रय' अन्तर्निहित हुने गरेको छ । यस्तो खालको सहमति खोज्ने अभ्यासले दलहरू र आन्दोलित समुदायबीच रहिआएको पुरानो ढर्राको सम्बन्ध अन्त्य हुनुपर्नेमा त्यसैलाई निरन्तरता दिने काम हुन्छ ।[७]

यसरी संविधानसभाका सम्पूर्ण सरोकार समूहहरूले यस्ता दाबीहरूको परीक्षण र निराकरण गर्नु पर्नेमा राजनीतिक अभिजात/ठालू वर्गहरूबाट साना दलहरू र सीमान्तीकृत समूहहरूलाई निश्चित अधिकारहरू 'कृपा' को रूपमा दिएर मुद्दाहरू किनारा लगाइन्छ ।

संविधानसभामा २६ सभासद्हरू मनोनित गर्ने तीन ठूला दल– नेका, एमाले र माओवादीको निर्णयलाई त्यही आश्रयमुखी राजनीतिक प्रवृत्तिको निरन्तरता मान्न सकिन्छ । कम्तीमा ७ सिटसम्म जितेका ९ ओटा दलहरूबीच उक्त २६ सिटको बाँडफाँट भएको थियो ।[८] विभिन्न समितिका सभापतिहरू बाँडफाँट गर्ने नेका, एमाले र माओवादीलगायतले गरेको निर्णय पनि आलोचनाको विषय बनेको थियो । समितिका सभापतिहरू छान्ने सन्दर्भमा पनि ज्ञान र नेतृत्व क्षमता जस्ता योग्यतालाई प्राथमिकता दिनुको सट्टा दलहरूले आफ्ना सदस्यहरूलाई पुरस्कृत गर्ने मौकाको रूपमा उपयोग गरे ।[९] साना दलहरूलाई पाखा लगाएर निरङ्कुश ढङ्गबाट गरिएको २६ सभासद्हरूको मनोनयन पनि थप आलोचित बन्यो ।[१०] साथै, यो निर्णयले उक्त २६ पदमा संविधानसभामा प्रतिनिधित्व नभएका जनजाति समुदायलाई समावेश गराइने भन्ने नेपाल आदिवासी जनजाति महासङ्घ (नेफिन)सँग मङ्सिर २०६४ मा भएको सम्झौता

---

[६] विषयगत र प्रक्रियागत समितिहरू यसप्रकार छन्– **विषयगत समितिहरू** : १. राज्यको पुनःसंरचना र राज्यशक्तिको बाँडफाँट समिति २. मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति ३. अल्पसङ्ख्यक तथा सीमान्तीकृत समुदायको हकअधिकार संरक्षण समिति ४. व्यवस्थापकीय अङ्गको स्वरूप निर्धारण समिति ५. प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँट समिति ६. सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्माण समिति ७. संवैधानिक निकायको संरचना निर्धारण समिति ८. राज्यको शासकीय स्वरूप निर्धारण समिति ९. राष्ट्रिय हितको संरक्षण समिति १०. न्याय प्रणालीसम्बन्धी समिति । **प्रक्रियागत समितिहरू** : १. नागरिक सम्बन्ध समिति २. जनमत सङ्कलन तथा समन्वय समिति ३. क्षमता अभिवृद्धि तथा स्रोत व्यवस्थापन समिति ।

[७] Background paper prepared by Yash Ghai for the conference 'The Interim Constitution on the Constitution Making Process', p. 54. http://www.undp.org.np/constitutionbuilding/elibrary/constitutionnepal/First%20Report%20Full%20 English.pdf

[८] उक्त भागबण्डाको स्वरूप यस्तो थियो : नेकपा (माओवादी) ९, नेका र नेकपा (एमाले) ५/५, मजफो २, जनमोर्चा नेपाल १, तमलोपा १, नेपाल मजदुर किसान पार्टी (नेमकिपा) १, नेकपा (माले) १, नेपाल सद्भावना पार्टी आनन्दीदेवी (नेसपा-आ) १ (The Kathmandu Post. 2008. Parties Agree to Criteria for 26 Members. 26 May, pp. 1, 3; The Kathmandu Post. 2008. Parties Name 26 CA Members. 27 June, p. 1) ।

[९] मार्टिन चौतारीले लिएको अन्तर्वार्तामा आधारित; १७ चैत २०६५ ।

[१०] The Kathmandu Post. 2008. Madhesi, Small Parties Criticize SPA. 6 June, p. 2.

उल्लङ्घन गरेको भनेर विभिन्न आदिवासी जनजातिहरूबाट आलोचना भएको थियो ।[११]

## *नियन्त्रणमुखी सहमति*

समग्रमा यस अवधिसम्म संविधानसभाको कार्यशैलीले ठूला दलहरूको शक्ति र प्रभुत्वका साथै दलगत राजनीतिक गतिशीलतालाई नै बढावा दिएको छ । उदाहरणका लागि, महत्वपूर्ण मानिएका समितिहरूको सभापति पद प्राप्तिका लागि ठूला दलहरूबीच भएको प्रतिस्पर्धा र त्यसपछिको सहमतिलाई हेर्ने हो भने ठूला दलहरूले साना दलहरूलाई दुई प्रमुख समितिमा उम्मेदवारी दिन निरुत्साहित गरेका थिए ।[१२] जसअनुरूप संवैधानिक समितिमा नेकपा (माओवादी), नेका, नेकपा (एमाले) र मजफोको आपसी सहमतिबाट माधवकुमार नेपाल उम्मेदवार बनाइए । माधवकुमार नेपालको छनोटको सम्बन्धमा एउटा दैनिक पत्रिकाको सम्पादकीय यस्तो थियो :

> नेपाललाई चुन्ने प्रक्रिया एउटा अस्वस्थकर प्रवृत्तिको परिचायक हो । जसअन्तर्गत शान्ति प्रक्रियाको प्रमुख निर्णयहरू प्रमुख दलका मुठ्ठीभरका शक्तिशाली नेताहरूबाट हुने गरेको छ । यस्तो अभ्यासले विगतमा पनि साना दलहरू र ठूला दलहरूका मध्यमस्तरका नेताहरूलाई चिढाएको थियो । नेपालको इतिहासमा पहिलोपल्ट प्राप्त यस्तो बहसको थलो मानिएको संविधानसभाले राजनीतिक संस्कारमा नै परिवर्तन ल्याउने आशा गरिएको थियो । तर यसो हुन सकेको छैन । र, नेपालको चयनले फेरि साना दलहरूलाई चिढाउने काम भएको छ । उनको चयनलाई साना दलहरूले अलोकतान्त्रिक मात्र नभई पूर्ण रूपमा अवैधानिक पनि भएको महसुस गरेका छन् । किनकि उनी निर्वाचित संविधानसभा सदस्य होइनन् ।[१३]

साना दल तथा अन्य सरोकार समूहहरूले गरेको पहलको प्रतिफलस्वरूप संवैधानिक समितिको सदस्य सङ्ख्या सुरुमा प्रस्ताव गरिएको १५ बाट बढाएर ६१ पुऱ्याइएको हो । संविधानसभा सचिवालयका कर्मचारीको भनाइअनुसार विशेषज्ञहरूबाट उक्त समितिको आकार सानो बनाउन सुझाव आएको थियो किनकि सानो आकारको समितिबाट छरितो हिसाबमा काम अगाडि बढाउन सजिलो हुने थियो । "तर साना दलहरू र अन्य सरोकार समूहहरूले उक्त समिति समावेशी र यसले गर्ने कार्य सहभागितामूलक हुनुपर्छ भनेर सो सुझावलाई अस्वीकार गरे ।"[१४] स्वविवेकको मत वा ह्वीप प्रयोग गर्नेबारे भएको बहसमा भने साना दलहरू र सरोकार समूहहरूको प्रत्यक्ष रूपमा जीत हासिल हुन सकेन । वास्तवमा संविधानसभामा प्रस्तुत गरिएको नियमावली मस्यौदामा स्वविवेकको मतको प्रावधान राखिएको थियो । संविधानसभा नियमावली मस्यौदा समितिका तीनमध्ये एक मस्यौदाकार पूर्णमान शाक्यका अनुसार यस्तो प्रावधान राखिनुको औचित्य मूलतः अर्थपूर्ण बहस होस् भन्ने हो । ठूला दलका केही नेताहरूमात्र संविधान लेखन प्रक्रियामा हाबी नहोऊन् भनेर स्वविवेकीय मतको प्रावधान राखिएको शाक्यको भनाइ छ । हुन पनि स्वविवेकीय मत (आफ्नो मतको स्वतन्त्र रूपमा प्रयोग गर्न पाउने अधिकार)को प्रावधानको ठूला दलहरूबाट विरोध भएको थियो । र, उनीहरू ह्वीपको प्रयोग हुनु पर्छ भन्ने मान्यता राख्दथे । दलीय राजनीतिमा ह्वीपको प्रयोग व्यवस्थापिका संसदमा औपचारिक निर्णय प्रक्रियामा दलगत नियन्त्रण गर्न प्रयोग हुन्छ । यसले दलगत निर्णयको आधारमा सदस्यहरूद्वारा मतदान हुने कुरालाई सुनिश्चित गराउँछ ।[१५] ह्वीपको प्रयोग र संवैधानिक मस्यौदा समितिको सदस्य सङ्ख्याको बारेमा शाक्य भन्छन् :

> यसबारे विवाद हुनुमा दुई ओटा कारणहरू छन् । पहिलो, साना दलहरू ठूला दलप्रति सशङ्कित छन् । संवैधानिक समितिमा साना दलहरूको स्थान सुनिश्चित गर्न सकिएन भने संविधान निर्माणको सम्पूर्ण प्रक्रियामा ठूला दलहरू हाबी भएर उनीहरूको निर्णय मान्नुपर्ने अवस्था सिर्जना हुने र यसले संविधान निर्माण प्रक्रियामा साना दलहरूको भूमिका न्यूनीकरण गर्ने डर छ । दोस्रो, स्वविवेकीय मतको सम्बन्धमा ठूला दलहरू अन्य सभासदहरूसित विश्वस्त हुन सकेका छैनन् । त्यसैले उनीहरू संविधान निर्माण प्रक्रियाको क्रममा हुने सम्पूर्ण प्रमुख निर्णयहरूमाथि आफ्नो नियन्त्रण चाहन्छन् । वास्तवमा सभासदहरूबीच विश्वासको सङ्कटका कारण संविधानसभा नियमावली पारित हुन ढिलाइ भएको हो ।[१६]

शाक्य थप्छन्, "यदि ह्वीपको प्रयोग दलहरूले पहिले नै प्रतिबद्धता जनाएको राजनीतिक विषयहरूमा मात्र सीमित गराउन सकियो भने

---

[११] दलहरूले कम्तीमा निम्न २० सीमान्तीकृत समूहहरूको प्रतिनिधित्व सुनिश्चित गर्न सकेका छैनन् : कुसुण्डा, वनकरिया, राउटे, हायु, सुरेल, राजी, कुसबाडिया, सिंसा, थुदम, बोटे, भोटे, दराई, ताजपुरिया, छन्त्याल, फ्री, लार्के, ल्होपा, छैरोटन, तीनगाउँले थकाली र किसान (Budhathoki, Bishnu. 2008. 20 Ethnic Groups Left out from CA. *The Kathmandu Post*, 2 May, p. 1) ।

[१२] संविधानसभाका १४ मध्ये १२ समितिका सभापतिहरू सहमतिका आधारमा छानिएका थिए ।

[१३] The Kathmandu Post. 2009. Inching Forward. 16 January, p. 6.

[१४] The Kathmandu Post. 2008. RRDC Faces Problems Finalizing Draft. 18 September, p. 1.

[१५] उदाहरणका लागि, एनेकपा (माओवादी)का एक वरिष्ठ नेताको भनाइमा, "यदि कुनै दलका सदस्यहरूले सो दलको नियम/निर्देशन पालना गर्दैनन् भने त्यो दल दल हुन सक्दैन" (Rai, Dewan. 2008. Seesaw Politics. *Nepali Times*. 7 November, p. 1) ।

[१६] The Kathmandu Post. 2008. Previous Constitutions Failed as the People Never Owned them. 3 November, p. 5.

अन्य सन्दर्भमा स्वविवेकीय मतको प्रावधान उपयोग गर्न सकिन्छ। महिला, मधेसी, जनजाति, दलित, मानवअधिकार जस्ता अन्य थुप्रै विषयहरू छन् जहाँ स्वविवेकीय मतको प्रयोग गर्न सकिन्छ।"[१७]

तर यी विषयहरू नै दलहरूलाई सर्वाधिक चासो रहेको नियमावली मस्यौदा समितिका संयोजक नारायणमान बिजुक्छे औँल्याउँछन्। उनी प्रश्न गर्छन् :

> यदि स्वविवेकीय मतको प्रावधान राखियो भने संविधान निर्माण प्रक्रियामा राजनीतिक दलहरूको भूमिका के हुने ? किनकि अधिकांश सभासद्हरू आफ्नो राजनीतिक आस्थाका आधारमा भन्दा पनि आफू निकट जाति, लिङ्ग, भूगोल र गैरसरकारी संस्थाका आधारमा बढी प्रभावित हुन्छन्।[१८]

यसरी अन्त्यमा संवैधानिक समितिमा सदस्य सङ्ख्या ६१ पुऱ्याउने सहमति भयो भने स्वविवेकीय मतको प्रयोगको बारेमा नियमावली मौन रह्यो। यसको असर के हुन्छ भन्ने त भविष्यले नै बताउला तर यस विषयलाई फरक व्यक्तिहरूले फरक ढङ्गले व्याख्या गर्ने गरेका छन्। उदाहरणका लागि यसले दलगत अनुशासनलाई कायम राख्न मद्दत पुग्छ भन्ने धारणा एमालेका सभासद् अग्नि खरेलको छ भने स्वविवेकीय मतको प्रावधान नरहनु भनेको ह्वीपको पनि प्रावधान नरहनु हो भन्ने धारणा नेकाका नरहरि आचार्यको छ।[१९]

विशेषत: यश घइ संविधानसभालाई संसदभन्दा फरक ढङ्गले हेरिनुपर्ने कुरामा जोड दिँदै भन्छन् :

> ...संविधानसभा कानुन निर्माण गर्ने, कुनै भौगोलिक क्षेत्रको प्रतिनिधित्व गर्ने, सरकार बनाउने वा भङ्ग गर्ने भन्दा विस्तृत खालको सभा हो। यो एउटा यस्तो भेला हो जसले राष्ट्रको प्रतिनिधित्व गर्छ र संवेदनशील सामाजिक, आर्थिक र राजनीतिक विषयमा राष्ट्रिय सहमतिको निर्माण गर्छ। त्यस्तै उक्त भेलाले राष्ट्रिय पहिचान र राष्ट्रिय एकता पुनर्स्थापित र आवश्यक भएसम्म यसको पुनर्व्याख्या र पुन:परिभाषा समेत गर्छ। *तसर्थ दलको अनुशासन भन्दा पनि सदस्यको स्वविवेकीय मतलाई उच्च प्राथमिकता दिइनु पर्छ।* (जोड थपिएको।)[२०]

## संविधानसभाको कार्यशैली

संविधान लेख्ने दुईवर्षे अवधिको आधा समय गुज्रिसकेको छ। १४ जेठ २०६७ सम्ममा नयाँ संविधान जारी भइसक्नुपर्ने छ। अत: अब संविधानसभाको म्याद लगभग एक वर्ष मात्र बाँकी छ। संविधानसभाले व्यवस्थापिका संसदको भूमिका पनि निर्वाह गर्नु परेकोले समय तालिकाको पनि निर्धारण गरिएको छ। विशेष अवस्थामा बाहेक संविधानसभा बिहान ७ बजेदेखि अपराह्न २:४५ बजेसम्म चल्ने गर्छ भने ३ बजेपछि यसले व्यवस्थापिका संसदको रूपमा आफ्नो कामकारबाही अगाडि बढाउँछ। यसले गर्दा संविधान लेखन कार्यको लागि मौजुदा समय धेरै छैन।

### *रायसुझाव व्यवस्थापन*

संविधानसभा नियमावलीको तर्जुमा भएपछि संविधानसभाले गरेको सम्भवत: सबभन्दा ठूलो काम १६ फागुन २०६५ बाट सुरु भएको एक महिने जनमत सङ्कलनको काम हो। यस कार्यको लागि संविधानसभाका ५७५ सभासद्लाई विभिन्न ४० समूहमा विभाजन गरिएको थियो। प्रत्येक समूहमा १५ देखि १८ सभासद्हरू र ४ देखि ५ संविधानसभाका कर्मचारीहरू समावेश थिए भने ३५ लाख प्रश्नावली वितरण गरिएको थियो। प्रत्येक प्रश्नावलीमा ३०० प्रश्नहरू थिए। सुरुमा निर्धारण गरिएको कार्यतालिकाअनुसार यी सभासद्हरूले १५ चैत २०६५ भित्र आफ्नो प्रतिवेदन संविधानसभा सचिवालयलाई बुझाइसक्नुपर्ने थियो भने प्रत्येक समितिले जनमतबाट सङ्कलित सुझावका आधारमा ९ वैशाख २०६६ सम्ममा आफ्ना प्रारम्भिक अवधारणापत्र तयार गर्नुपर्ने थियो। सो कार्यतालिका १६ वैशाखमा संशोधन गरी ८ जेठसम्मका लागि सारिएको थियो। यद्यपि यसबीचमा देखिएको राजनीतिक घटनाक्रमले गर्दा सबै समितिले परिमार्जित समयावधिभित्र पनि अवधारणपत्र बुझाउन सकेनन्।

तथापि यो जनमत सङ्कलन कार्यले धेरै उत्साह थपिदिएको थियो। नागरिकबाट प्रत्यक्ष रूपमा पाएको प्रतिक्रिया तथा सुझावबारे धेरै सभासद्हरूले सकारात्मक रूपमा चर्चा गरेका थिए।[२१] त्यहाँ नेपाली नागरिकहरूले संविधान बनाउने प्रक्रियामा पहिलो पटक आफ्नो सुझाव दिन पाए भन्ने कुरालाई बढी जोड दिइएको थियो। यद्यपि समग्रतामा यसको खर्च र प्रभावकारिताको हिसाबले प्रश्न नउठेका भने होइनन्। मूलत: नागरिकलाई वितरण गरिएका प्रश्नावली बढी नै जटिल र अन्योलपूर्ण भएको भनेर आलोचना भए। आलोचकहरूले यस प्रश्नावलीले नेपालको भाषिक, जातीय

---

१७ The Kathmandu Post. 2008. Previous Constitutions Failed as the People Never Owned them. 3 November, p. 5.

१८ The Kathmandu Post. 2008. RRDC Faces Problems Finalizing Draft. 18 September, p. 1.

१९ The Kathmandu Post. 2008. CA Regulation Draft Finalized. 10 November, p. 1; मार्टिन चौतारीले लिएको अन्तर्वार्तामा आधारित; १८ चैत २०६५।

२० Background paper prepared by Yash Ghai for the conference 'The Interim Constitution on the Constitution Making Process', p. 48. http://www.undp.org.np/constitutionbuilding/elibrary/constitutionnepal/First%20Report%20Full% 20English.pdf

२१ उदाहरणको लागि हेर्नुहोस्– रोका, हरि। २०६५। सुझाव सङ्कलनका क्रममा जे भोगियो। *कान्तिपुर,* ११ चैत, पृ. ६; र मल्ल प्रधान, सपना। २०६५। सुझाव सङ्कलनका अनुभूतिहरू। *कान्तिपुर,* २३ चैत, पृ. ७।

र साक्षरताको विविधतालाई ध्यान दिन नसकेको कुरा औँल्याएका थिए ।[२२] कतिले त जनमत सङ्कलन प्रक्रियालाई लोकसेवाको परीक्षासँग तुलना गरे । यस्तै कतिपय प्रश्नहरू उच्चशिक्षा हासिल गरेका नेपालीहरूलाई पनि अन्योलमा पार्ने खालका थिए भनेर पनि आलोचना भयो ।[२३] प्राविधिक प्रकारका र उच्चस्तरको नेपाली भाषाको प्रयोग गरिएका कारण धेरैले प्रश्नहरू बुझ्न त सकेनन् भने यस्ता प्रश्नावली भरेर पठाउने भन्ने कुरा त झन् टाढाको विषय थियो । प्रश्नावलीको अभाव र सुझाव सङ्कलनका लागि भनेर गाउँहरूमा तोकिएको समयावधि पनि आलोचनाको विषय बन्न पुग्यो । त्यस्तै, कतिपय सभासद्हरू दुर्गम क्षेत्रमा जान नमान्नु, जनमत सङ्कलनसम्बन्धी सूचना सम्प्रेषणमा ढिलाइ हुनु, नागरिकको उपस्थिति सन्तोषजनक नहुनु, सहभागीहरूले मौखिक प्रतिक्रिया रुचाउनु, यसको उद्देश्यसम्बन्धी सही सूचना प्रवाह गर्न नसक्नु (कतिपय व्यक्तिले सुझाव सङ्कलन टोलीसँग विकास र रोजगारको माग पनि गरेका थिए) आदि कारण सम्पूर्ण जनमत सङ्कलन कार्य आलोचनारहित हुन सकेन ।[२४]

त्यस्तै थारू अभियानकर्ताहरूको अगुवाइमा तराईका विभिन्न भागमा भएका बन्द र हड्तालका कारण पनि जनमत सङ्कलनमा प्रतिकूल असर पर्‍यो ।[२५] वास्तवमा संविधानसभा कर्मचारीले २०६५ भदौको दोस्रो सातामा व्यक्त गरेको भनाइअनुसार पहिलो मस्यौदा तयार भएपछि मात्र जनमत सङ्कलन गर्ने योजना थियो ।[२६] मार्टिन चौतारीबाट लिइएका अन्तर्वार्ताहरूले पनि यो कुरा पुष्टि गरेको छ ।[२७]

यसरी बिनायोजना आकस्मिक रूपमा प्रश्नावली वितरण गरेर जनमत लिने कार्यको निर्णय राजनीतिक दलहरूबाट भएको हो भन्ने दाबी गर्छन्, संविधानसभाका कर्मचारीहरू ।[२८] उनीहरूका अनुसार पुस २०६५ को अन्त्यतिर सार्वजनिक सूचना निकाली १५ फागुन २०६५ भित्र फोन, चिठी वा इमेलमार्फत सुझाव दिन गरिएको आह्वानमा नागरिक सहभागिता थोरै भएकोले जनमत सङ्कलन गर्ने निर्णय भएको हो ।[२९] सर्वसाधारण नागरिकले बुझ्न सारै कठिन छ भनेर सर्वाधिक आलोचित यी प्रश्नावलीहरू वास्तवमा विभिन्न समितिले तयार पारेका अवधारणापत्रहरूको सङ्कलन थियो । बिनापूर्वतयारी, बिनासम्पादन र बिनापरीक्षण नै तय भएका यस्ता प्रश्नावली जनमत सङ्कलनको निम्ति अनुपयुक्त रहेको भनेर अन्तर्वार्ता लिइएका सभासद्हरूले पनि बताएका थिए ।[३०]

संविधानसभा सचिवालयका कर्मचारीहरूको भनाइ सार्वजनिक भएअनुसार सभासद्हरू जनमत सङ्कलन गर्न तोकिएको क्षेत्र जानुअघि उनीहरूसँग यत्रो 'महात्वाकाङ्क्षी' योजना पूरा गर्न न दक्षता थियो न प्रविधि नै । र "यति धेरै तथ्याङ्कलाई केही हप्तामै व्यवस्थापन गर्न असम्भवप्रायः हुने र यस कार्यको निम्ति सचिवालयले कुनै पूर्वतयारी नगरेको" कुरा विभिन्न अखबारहरूमा सार्वजनिक भएका थिए ।[३१] यसरी सुझाव सङ्कलन टोलीहरूले आफ्नो स्थलगत भ्रमण सकेपछि प्राप्त भएका सुझावहरू कसरी समायोजन र प्रशोधन गर्ने भन्ने कुराको टुङ्गो पनि सचिवालयका कर्मचारीहरूले लगाउन सकेका थिएनन् ।

एक राजनीतिक विश्लेषकको भनाइअनुसार तथ्याङ्क विश्लेषण गर्ने कार्य कति बृहत हुन्छ भन्ने कुराको भेउ सभामुख नेम्वाङलाई थिएन । साथै प्राप्त सुझावहरूलाई के कसरी व्यवस्थापन गर्ने भन्नेबारे पनि उनी र उनका सहकर्मीहरूलाई केही पत्तो थिएन । तथ्याङ्क विभागसँग यो विषयमा संविधानसभा सचिवालयले सहयोग माग्दा संश्लेषण र प्रशोधन गर्ने काम पूरा गर्न आठ महिना लाग्ने जवाफ पाएपछि आफ्नै समितिहरूमार्फत सो काम गर्ने निर्णय सचिवालयले गरेको थियो ।[३२] ३ वैशाख २०६६ मा संवैधानिक समितिका सभापति माधवकुमार नेपालले एउटा निश्चित ढाँचा उपलब्ध गराई सबै संविधानसभा सदस्यहरूलाई सुझावहरूको अध्ययन गरेर सोही ढाँचाअनुसार प्रतिवेदन उपलब्ध गराउन निर्देशन दिए ।[३३]

---

[२२] शर्मा, सुधीन्द्र र पवनकुमार सेन । २०६५ । वैज्ञानिक सोच, अवैज्ञानिक विधि । *कान्तिपुर*, २८ चैत, पृ. ७ ।

[२३] Onta, Pratyoush. 2009. CA Questionnaires: Survey Method Gone Amok. *The Kathmandu Post*, 12 April, p. 6.

[२४] संविधानसभाका एक सदस्यको विचारमा प्रश्नावली वितरण गर्नुअघि नै प्रश्नावलीको स्वरूप र सुझाव सङ्कलन प्रक्रियाको उद्देश्यका बारेमा प्रशस्त छलफल र व्याख्या गरिनुपर्थ्यो (मार्टिन चौतारीले लिएको अन्तर्वार्तामा आधारित; १७ चैत २०६५) ।

[२५] उदाहरणका लागि, संविधानसभा सचिवालयका एक अधिकारीका अनुसार सुनसरी जिल्लाका ७ ठाउँमा थारू अभियानकर्ताले अवरोध पुर्‍याएका र प्रश्नावलीहरू समेत जफत गरेका थिए (मार्टिन चौतारीले लिएको अन्तर्वार्तामा आधारित; १६ चैत २०६५) ।

[२६] Budhakthoki, Bishnu. 2008. 14 Statute Drafting Panels Proposed. *The Kathmandu Post*, 2 September, p. 2.

[२७] मार्टिन चौतारीले लिएको अन्तर्वार्तामा आधारित; १७ चैत २०६५ ।

[२८] मार्टिन चौतारीले लिएको अन्तर्वार्तामा आधारित; २७ वैशाख २०६६ ।

[२९] २ वैशाख २०६६ सम्ममा संविधानसभामा इमेल, पैसा तिर्नु नपर्ने (टोल फ्री) फोन तथा सुझाव पेटिकामार्फत ४५९ ओटा सुझावहरू प्राप्त भएका थिए (संविधानसभा सचिवालयका अधिकारीसँग मार्टिन चौतारीले १ जेठ २०६६ मा लिएको अन्तर्वार्तामा आधारित) । सुझावका लागि अपनाइएका यस्ता माध्यमहरू सम्भ्रान्तबाहेक आम नागरिकका लागि त्यति सहज त थिएनन् नै संविधानसभाका विभिन्न समितिद्वारा सुझावका लागि आमसञ्चार माध्यमबाट जारी गरिएका विज्ञापनहरूले पनि उनीहरूमा अन्योल उत्पन्न गराएको धारणा केही सभासद्को थियो ।

[३०] मार्टिन चौतारीले लिएको अन्तर्वार्तामा आधारित; २८ चैत २०६५ ।

[३१] Basnet, Post B. 2009. Will Public Opinion Count? *The Kathmandu Post*, 24 February, p. 1.

[३२] मार्टिन चौतारीले एक विश्लेषकसँग लिएको अन्तर्वार्तामा आधारित; ७ चैत २०६५ ।

[३३] Kshetry, Renu. 2009. Will Politicos Pore over 400-sheet Input? *The Kathmandu Post*. 18 April, p. 4

समग्रमा, नागरिकबाट प्राप्त भएका सुझावहरूलाई निश्चित संयन्त्रको निर्माण गरेर विश्लेषण गर्ने सम्बन्धमा कुनै ठोस योजना नभएको पुष्टि भएको छ । त्यस्तै, यस विषयमा प्राविधिक र पद्धतिगत विशेषज्ञताको पनि अभाव रहेको प्रस्ट छ । मार्टिन चौतारीले लिएका अन्तर्वार्ताका क्रममा पनि सभासद् र संविधानसभा सचिवालयका कर्मचारीहरूलाई प्रश्नावलीका बारेमा कुनै पनि तालिम दिइएको पाइएन ।[३४] समानुपातिक निर्वाचन प्रणाली[३५] बाट चुनिएका बहुमत सभासद्हरूले माध्यमिक तहको शिक्षा पूरा गरेका छैनन् भने संविधानसभाका सम्पूर्ण सभासद्मध्ये अधिकांशले उच्च शिक्षा हासिल गरेका छैनन् ।[३६] यही सन्दर्भमा एक सभासद्ले ५००-१२०० प्रश्नावलीमा अन्तर्निहित प्राविधिक र राजनीतिक प्रश्नहरूको निक्र्योल गर्नुपर्ने अवस्था छ ।[३७]

वास्तवमा सम्पूर्ण प्रक्रियाको निरीक्षण गर्ने कुनै पनि संयन्त्रको विकास गरिएको थिएन । उदाहरणको लागि, वितरण गरिएका प्रश्नावलीको सङ्ख्या अत्यधिक हुँदाहुँदै पनि सभासद्हरू आफ्नो कार्यभार हलुका बनाउनेतर्फ केन्द्रित भएका थिए । एक सभासद्ले आफ्नो जिम्मामा भएको १००० ओटा प्रश्नावली हेर्ने काम फुर्सद भएका आफ्ना साथीलाई दिएका थिए । त्यसै गरी कुनै अर्का सभासद्ले ५०० ओटा प्रश्नावली एउटा गैरसरकारी संस्थालाई विश्लेषण गर्न सुम्पेका थिए ।[३८] अन्तर्वार्ताका क्रममा सभासद्हरूले बताएअनुसार सुझाव सङ्कलन गर्ने कार्य सुरु हुनुअघि कतिपय दलहरूले आफ्ना अवधारणापत्र र निर्देशन जारी गरेका थिए भने अर्को कुनै एक दलले आफ्ना सभासद्हरूलाई पार्टीको नीतिअनुरूप बोल्न निर्देशन दिएको थियो ।[३९] यसलाई गोपनीयता, निष्पक्षता र नैतिकताको कुरासँग पनि जोड्न सकिन्छ ।

यो सम्पूर्ण प्रक्रियाको निरीक्षण हुन पनि नितान्त आवश्यक थियो । एउटा प्रतिवेदनमा एक सभासद्को हवाला दिँदै सङ्कलन गरेका सुझावमा सङ्घीयताविरोधी सुझावहरूको बढ्दो सङ्ख्याले सङ्घीयता अनावश्यक भएको कुरा देखाउँछ भनिएको थियो । सोही प्रतिवेदनअनुसार ती सभासद् सङ्घीयताको विरोध गर्ने एकमात्र दलका सभासद् थिए ।[४०] यस्तो कार्यले जनमत सङ्कलनको अभ्यासलाई निरर्थक बनाउने मात्र नभई यसले संविधानसभा र नयाँ बन्ने संविधानप्रति नै आमनागरिक र मूलत: सदियौँदेखि पाखा पारिएका नागरिकहरूको विश्वास नरहने डर हुन्छ ।

### *निरन्तरको गतिरोध*

जनमत सङ्कलनको आरम्भ र अन्त्य भएपछिका कामकारवाहीलाई दृष्टिगत गर्दा सम्पूर्ण संविधानसभामा निश्चित राजनीतिक शक्तिको तहगत वर्चस्वले जनमत सङ्कलनलाई पनि प्रभाव पारेको पाइन्छ । अखबारहरूका सूचनाअनुसार २४ सभासद्हरूले जनमत सङ्कलन कार्यमा भाग लिएका थिएनन् भन्ने कुरा पुष्टि हुन्छ ।[४१] ३९ सभासद्हरूले आफूले सङ्कलन गरेर ल्याएका सुझावहरूको अध्ययन गरेका थिएनन् ।[४२] यसबाहेक अधिकांश संविधानसभा सदस्यहरू सङ्कलन गरिएका प्रश्नावली विश्लेषण गर्नुपर्ने कार्यभारले थिचिएका थिए भने गिरिजाप्रसाद कोइराला, झलनाथ खनाल र पुष्पकमल दाहाल 'प्रचण्ड' जस्ता व्यस्त प्रमुख दलका प्रमुख राजनीतिक नेतालाई जम्मा १२/१२ ओटा प्रश्नावली मात्र अध्ययन गर्न दिइएको थियो ।[४३] यसले संविधानसभाको संरचनागत र कार्यगत शैली कुन हिसाबले चलिरहेको छ भन्ने कुरालाई पनि स्पष्ट पारेको छ । संविधानसभाको आरम्भ भएदेखि नै यिनीहरू जस्तै अरू शीर्ष नेताहरूको न्यून उपस्थितिबारे पनि टिप्पणी हुँदै आएको थियो ।[४४] यही सन्दर्भमा संविधानसभा नियमावली मस्यौदा समितिका नारायणमान बिजुक्छेले प्रमुख दलका शीर्ष नेताहरूले आफूसम्बद्ध समितिको बैठकमा भाग नलिएको भनेर आलोचनासमेत गरेका थिए ।[४५] यस्ता कार्यले राजनीतिक दलका नेताहरू आम नागरिकप्रति जवाफदेही नरहेको त देखाउँछ नै उनीहरू आफ्नो कर्तव्यबाट विमुख भएको कुरालाई पनि पुष्टि गर्छ ।

समग्रमा संविधानसभामा सभासद्हरूको उपस्थिति कम हुने र विभिन्न सवालहरूमाथि पर्याप्त बहस पनि नहुने गरेको देखिन्छ । एउटा हालैको लेखले के देखाएको छ भने गएको ११ महिनामा बसेका संविधानसभाका २५ ओटा बैठकमा ५१३ सभासद्हरूले छलफलमा भाग लिएका थिएनन् ।[४६] विभिन्न प्रतिवेदन र

---

[३४] मार्टिन चौतारीले लिएको अन्तर्वार्तामा आधारित; १६ चैत २०६५ ।

[३५] संविधासभाका ६०१ सदस्यहरूमध्ये २४० जना प्रत्यक्ष निर्वाचन प्रणालीद्वारा निर्वाचित तथा २६ जना मनोनितबाहेक ३३५ जना समानुपातिक निर्वाचन प्रणालीका आधारमा चुनिएका हुन् ।

[३६] Nepali Times. 2008. CA PAs. 29 August, p. 10.

[३७] सिम्खडा, ध्रुव । २०६६ । मस्यौदाको तयारी । *हिमाल खबरपत्रिका,* १६ वैशाख, पृ. २५-२७ ।

[३८] सिम्खडा, ध्रुव । २०६६ । मस्यौदाको तयारी । *हिमाल खबरपत्रिका,* १६ वैशाख, पृ. २५-२७ ।

[३९] मार्टिन चौतारीले लिएको अन्तर्वार्तामा आधारित; १७ चैत २०६५ ।

[४०] सिम्खडा, ध्रुव । २०६६ । मस्यौदाको तयारी । *हिमाल खबरपत्रिका,* १६ वैशाख, पृ. २५-२७ ।

[४१] हुमागाईं, मुकुल र रामबहादुर रावल । २०६६ । संविधान बन्ला समयमै ? *नेपाल,* ६ वैशाख, पृ. २४-३० ।

[४२] पन्त, खगेन्द्र । २०६६ । ३९ सभासद्ले जनताका सुझाव हेर्दै हेरेनन् । *नयाँ पत्रिका,* १७ वैशाख पृ १, २ ।

[४३] Kshetry, Renu. 2009. Will Politicos Pore over 400-sheet Input? *The Kathmandu Post*. 18 April, p. 4.

[४४] हुमागाईं, मुकुल र रामबहादुर रावल । २०६६ । संविधान बन्ला समयमै ? *नेपाल,* ६ वैशाख, पृ. २४-३० ।

[४५] The Kathmandu Post. 2008. RRDC Faces Problems Finalizing Draft. 18 September, p. 1.

[४६] हुमागाईं, मुकुल र रामबहादुर रावल । २०६६ । संविधान बन्ला समयमै ? *नेपाल,* ६ वैशाख, पृ. २४-३० ।

सभासद्‌हरूको भनाइअनुसार साना पार्टीका नेताबाहेक शीर्ष नेताहरू उपस्थित भए पनि तिनले संविधानसभामा हुने बहसमा भाग लिएका छैनन् ।[४७] कतिपय सभासद्‌ले स्तरीय बहस हुन नसक्नु र समितिको प्रभावकारिता कमजोर हुनुलाई समितिको सभापति चयनको क्रममा भएको कृपावादलाई दोष दिएका छन् ।[४८]

संविधानसभाभित्र हुने बहसको यस्तो दयनीय स्थितिलाई त्यहाँभित्र विद्यमान बहिष्करणको सन्दर्भसँग पनि जोड्न सकिन्छ । संविधानसभा प्रक्रियाको प्रारम्भिक चरणका बेला एक सभासद्‌ले संविधानसभामा अन्तरनिहित संरचनागत बहिष्करणबारे मात्र नभई अन्य बहिष्करणबारे पनि टिप्पणी गरेका थिए । उदाहरणका लागि, संविधानसभामा माइक हुने अघिल्लो पङ्क्तिमा ठूला पार्टीले स्थान ओगट्ने गरेका छन् भने साना पार्टीहरूलाई पछाडि राखिन्छ । एक सभासद्‌ले लेखेझैँ यसले संविधानसभामा हुने महत्वपूर्ण विषयका बहसमा देखा पर्नसक्ने विविध विचारलाई योजनावद्ध ढङ्गले पाखा लगाउने काम भएको छ ।[४९] त्यस्तै अन्य सभासद्‌का अनुसार संविधानसभामा 'टाठा-बाठा' हरूले मात्र बोल्ने मौका पाउँछन् ।[५०] यसबाट सुरुमा औँल्याइएको स्थितिमा खासै परिवर्तन भएको सङ्केत मिल्दैन । किनकि संविधानसभामा भौतिक उपस्थितिका हिसावले जुन विविधता देखिएको छ, त्यो रूपमा विभिन्न विचार र आवाजहरूको विविधता आउन सकेको छैन ।[५१] यसमा शैक्षिक स्तरबाहेक दलगत राजनीतिको गतिशीलताको कम अनुभव, राजनीतिक विषयहरूमा आफ्नो मत प्रकट गर्ने क्षमताको कमीका साथै भाषिक तथा संरचनागत असमानताले काम गरेको छ ।

अनौपचारिक किसिमका सरोकार समूह (ककस) को निर्माण गरेर यस्ता चुनौतीहरूको सामना गर्न बहिष्कृत समूहहरूले प्रयास पनि गरेका छन् । औपचारिक हिसाबले कुनै पनि सरोकार समूह गठन गर्न निषेध गरिएको छ[५२] तापनि दलित, जनजाति र महिलाका सरोकार समूह अनौपचारिक रूपमा गठन भएका छन् । तर यस्ता सरोकार समूहबाट खासै उपलब्धि नभएको कुरा तिनका सदस्यहरूले नै औँल्याएका छन् । तथापि महिला सरोकार समूह (महिला ककस) भने निकै अगाडि बढेको देखिन्छ । महिलाका विषयसम्बन्धी अवधारणापत्र तयार पारेर सम्पूर्ण समितिलाई दिने कार्य महिला सरोकार समूहले गरिसकेको छ । समूहका महिलाहरूले सबै समितिको सभापतिमा ३३ प्रतिशत महिलाको सुनिश्चितताको लागि आवाज उठाएका थिए । फलस्वरूप ३० प्रतिशत समितिहरूमा सभापति महिला रहे पनि शक्तिशाली समितिको सभापतिमा भने महिलाहरूको उपस्थिति न्यून छ । यति हुँदाहुँदै पनि महिलाहरू सङ्गठित हुने सवालमा समस्याहरू देखिएका छन् । महिला सरोकार समूहकी प्रमुख जो एनेकपा (माओवादी)की हुन्, उनी महिलाका आन्तरिक विविधता उठान गर्ने विषय नै होइन भन्ने कुरा अगाडि राख्छिन् । सीमान्तीकृत समूहकी एक सदस्यचाहिँ यस्तो गम्भीर विषय अहिलेको लागि थाँती राखिएको धारणा राख्छिन् ।[५३]

त्यस्तै जनजाति सरोकार समूह (जनजाति ककस) चाहिँ आलोपालो नेतृत्वको अवधारणासहित अगाडि बढेको छ, जसअनुसार विभिन्न दलका एक महिला र एक पुरुष उक्त सरोकार समूहको प्रमुख हुने व्यवस्था गरिएको छ । हाल यो सरोकार समूहको प्रमुखमा एनेकपा (माओवादी) रहेको छ भने अर्कोपटक नेका र त्यसपछि अर्को कुनै दलको व्यक्ति प्रमुख हुने प्रावधान छ । संविधानसभामा जनजाति सभासद्‌को सङ्ख्या २१८ रहे तापनि अहिलेसम्म जनजातिहरूको लक्ष्य र मुद्दामा काम गर्नका निम्ति ३६ जनाले मात्र जनजाति सरोकार समूहको लागि 'प्रतिवद्धता पत्र' मा हस्ताक्षर गरेका छन् ।[५४] २ वैशाख २०६६ मा एउटा बृहत् बैठक गर्ने योजना बनाइए पनि सो योजना स्थगित गरिएको छ र जेठ महिना समेत बित्नलाग्दा पनि सो बैठक कहिले बस्ने भन्नेबारे निर्णय हुन सकेको छैन ।[५५] दलितहरूको सरोकार समूह (दलित ककस) भने यी दुई सरोकार समूह (महिला र जनजाति) हरू भन्दा प्रारम्भिक चरणमै छ र हालसम्म उल्लेखनीय कुनै काम गर्न सकेको छैन । यतिसम्म कि अहिलेसम्म संविधानसभामा उपस्थित ५० जना दलित सभासद्‌हरू एउटै बैठकमा उपस्थित हुन

[४७] मार्टिन चौतारीले लिएको अन्तर्वार्तामा आधारित; १९ चैत २०६५; हुमागाईं, मुकुल र रामबहादुर रावल । २०६६ । संविधान बन्ला समयमै ? *नेपाल*, ६ वैशाख, पृ. २४-३० ।

[४८] हुमागाईं, मुकुल र रामबहादुर रावल । २०६६ । संविधान बन्ला समयमै ? *नेपाल*, ६ वैशाख, पृ. २४-३० ।

[४९] Pant, Sunil Babu. 2008. Constituent Assembly: Keeping the House in Order. *The Himalayan Times*, 17 June, p. 6.

[५०] मार्टिन चौतारीले लिएको अन्तर्वार्तामा आधारित; २४ वैशाख २०६६ ।

[५१] Rai, Dewan. 2008. Holding up One-third of the Sky. *Nepali Times*, 29 August, p. 10-11.

[५२] महिला सरोकार समूह (महिला ककस) का एक सदस्यले बताएअनुसार संविधानसभा नियमावली मस्यौदा समितिमा भएका ११-१२ जना महिलाद्वारा एउटा महिला सरोकार समूह निर्माण गर्ने प्रयत्न भएको थियो । तर उनीहरूलाई आधिकारिक रूपमै समय व्यवस्थापन गर्न कठिन हुने र संविधानसभा सचिवालयलाई पनि कार्यभार सम्हाल्न गाह्रो हुने कारण देखाउँदै त्यस्तो समूह निर्माण गर्न निरूत्साहित गरियो । महिला सभासद्‌हरूको सङ्ख्या १९७ भएकोले उनीहरूले आफू सम्बद्ध समितिहरूमा चाहेको मुद्दा उठाउन सक्ने बताइएको थियो । यी कुराहरूलाई संविधानसभा नियमावली मस्यौदा समितिका संयोजकको शब्दमा भन्दा "यदि हामीले महिला सरोकार समूहको प्रावधानमा सहमति जनायौँ भने मधेसी, जनजाति, दलित तथा अरू सीमान्तीकृत र पिछडिएका क्षेत्रका सभासद्‌हरूको उल्लेख्य उपस्थितिका कारण यसले संविधानसभा र व्यवस्थापिका संसदमा अझ धेरै जटिलताहरू निम्त्याउन सक्छ किनभने यसबाट उनीहरू आ-आफ्नो छुट्टै सरोकार समूहको माग गर्न प्रोत्साहित हुनेछन्" (The Kathmandu Post. 2008. RRDC Faces Problems Finalizing Draft. 18 September, p. 1) ।

[५३] मार्टिन चौतारीले लिएको अन्तर्वार्तामा आधारित; २२ चैत २०६५ ।

[५४] मार्टिन चौतारीले लिएको अन्तर्वार्तामा आधारित; २१ चैत २०६५ ।

[५५] मार्टिन चौतारीले लिएको अन्तर्वार्तामा आधारित; ३१ वैशाख २०६६ ।

मात्र पनि सकेका छैनन् । दलहरू दलितको मुद्दामा गम्भीर नहुने तथा दलगत राजनीतिमा दलितहरू आ-आफ्ना दलका नेताका मुद्दा लिएर अगाडि बढ्ने प्रवृत्तिका कारण यस्तो भएको देखिन्छ ।[५६]

## निष्कर्ष

सरकार निर्माण प्रक्रिया र दलगत राजनीतिको प्राथमिकताले हालसम्म संविधानसभाको महत्व र यसअन्तर्गत गर्नुपर्ने काम कारवाहीको गाम्भीर्य ओझेलमा परेको छ ।[५७] यद्यपि समितिहरूले संविधानसभामा मस्यौदा पेश गरेपश्चात् बहसको थालनी हुन्छ भनेर आशा गर्न सकिन्छ । तथापि माओवादीलाई बाहिर राखेर सरकार निर्माणको अभ्यास भइरहेको परिस्थितिमा यो प्रक्रियामा पनि असर नपर्ला भन्न सकिन्न । त्यस्तै, प्रमुख राजनीतिक दलहरूबीच मत नमिलेको विषयमा हालसम्म बहस सुरु नै भएको छैन । अहिलेको राजनीतिक घटनाक्रमले पनि केही महत्वपूर्ण बहसहरूमा नकारात्मक असर पार्न सक्ने देखिन्छ ।[५८]

शान्ति प्रक्रियामा देखिएका र देखिनसक्ने विवादलाई साम्य पार्न र यस प्रक्रियालाई सहज रूपले अगाडि बढाउन विशेषत: ती शक्तिनिहित व्यक्ति तथा संस्था वा समूहहरूबीच शक्तिको बाँडफाँटलाई सन्तुलित गर्नु आवश्यक छ । तर गठबन्धन दलहरूभन्दा बाहिर रहेका अन्यलाई पनि यो प्रक्रियाबाट बाहिर पारिएको आभास पर्न दिनुहुँदैन । यस्तो आभास पर्न गयो भने भविष्यमा राज्यको वैधानिकता घट्ने डर हुन्छ । संविधानसभाको हालसम्मको कार्यशैलीले ठूला राजनीतिक दलहरूको शक्तिलाई मजबुत बनाई उनीहरूको आधिपत्यलाई नै पुनर्स्थापित गरेको छ । यसले पुन: २०४६ पछि देखिएको जवाफदेहिताविहीन अवस्थाको पुनरावृत्ति गराएको छ र चुनाव मात्रै लोकतन्त्रको मापक हो भन्ने मान्यता फेरि स्थापित हुन गएको छ ।

संविधानसभालाई नयाँ नेपालको बहस गर्ने थलोको रूपमा स्थापित गर्नुपर्ने आवश्यकता छ । यसको लागि हरेक सदस्यले अन्य सदस्यहरू जस्तै आफूलाई पनि उत्तिकै समान र उत्तिकै अधिकारयुक्त महसुस गरेर जिम्मेवारीका साथ यस्ता बहसमा आफूलाई सामेल गराउन आवश्यक छ । यहाँनेर समावेशीको अवधारणालाई भौतिक उपस्थितिभन्दा फराकिलो ढङ्गले व्याख्या गरिन पनि जरूरी छ । अर्थात् हरेक सदस्यले आफूलाई राजनीतिक रूपमा अरू जस्तै समान हो भन्ने भावनाले प्रेरित भई अर्थपूर्ण बहसमा भाग लिनु पर्छ । हरेक व्यक्तिले जिम्मेवारीपूर्वक अरूको कुरा सुन्ने तथा अगाडि नै तयार गरिएको भाषण नभई विषयका बारेमा गहन विचार गरेर सशक्त अन्तरक्रिया गर्ने क्षमताको विकास गर्नु जरूरी छ । साथै, संविधानसभामा सहभागितामूलक वातावरण निर्माण हुनु पर्छ । संविधानसभाका सदस्यहरूले निरन्तर रूपमा विभिन्न विशेषज्ञहरू, नागरिक समाज, सम्बन्धित क्षेत्रका गैरसरकारी संस्थाका कार्यकर्ता र आम नागरिकसँग सम्बन्ध कायम राख्नु आवश्यक छ । यस्तो सम्बन्धले सहभागिताको दायरालाई फराकिलो बनाउने मात्र नभई यी सदस्यहरूको ज्ञान र विशेषज्ञता अभिवृद्धि गर्न मद्दत पुग्न सक्छ । र, संविधानसभाभन्दा बाहिर रहेका नागरिकको चाहना अनुरूपको सहभागिता त्यति बेलामात्र सार्थक हुनजान्छ ।

संविधानसभाको उद्देश्य र संविधान निर्माण प्रक्रिया बारेमा आम नागरिक जानकार हुन जरूरी छ । त्यसो भएमा मात्र उनीहरू सुझाव दिन तयार हुन्छन् । १४ जेठ २०६७ भित्र संविधान लेखन प्रक्रिया टुङ्ग्याउनु पर्ने छ । यहाँ ख्याल गर्नुपर्ने विषय के हो भने विभिन्न कारणवश भएको ढिलाइ र कार्यतालिकाको हेरफेरले गर्दा सो प्रक्रियालाई बेलामै टुङ्ग्याउनको लागि आम नागरिकसँग परामर्श गर्ने पूर्वनिर्धारित समय १२ हप्ताबाट ८ हप्तामा घटाइएको छ । यो आम नागरिकको संविधान मस्यौदामाथि सुझाव दिने अन्तिम संरचनागत अवसर हो । यो अवसरको अर्थपूर्ण प्रयोग हुन अत्यन्त जरूरी छ । त्यसैले संविधान लेखन प्रक्रियामा जनताको सहभागिताबाट परामर्श लिने र यसबाट आएको प्रतिक्रिया तथा सुझाव संविधान लेखन प्रक्रियामा प्रतिविम्बित होस् भन्नको लागि पूर्वतयारी र विशिष्ट योजनाको अत्यन्त खाँचो छ ।

---

[५६] मार्टिन चौतारीले लिएको अन्तर्वार्तामा आधारित; २८ चैत २०६५ ।

[५७] यसको प्रस्ट उदाहरणका रूपमा नेकपा (एमाले)का सभासद्हरू संविधानसभामा अनुपस्थित भई ५ देखि ११ फागुन २०६५ मा भएको आफ्नो पार्टीको महाधिवेशनमा भाग लिन गएको सन्दर्भलाई लिन सकिन्छ । एक सभासद्ले गरेको टिप्पणीझैँ नेकपा (एमाले)को महाधिवेशन सार्नुपर्नेमा संविधान सभाकै कार्यतालिका परिवर्तन गरिएको थियो; त्यसो भएको भए जनमत सङ्कलन प्रक्रिया १६ फागुनमा नभई १० फागुनमा नै सुरु हुन सक्थ्यो । मार्टिन चौतारीले लिएको अन्तर्वार्तामा आधारित; १७ चैत २०६५ ।

[५८] वर्तमान राजनीतिक घटनाक्रमहरूले एनेकपा (माओवादी)को राष्ट्रपतीय प्रणालीको प्रस्तावमाथिको बहसलाई प्रभावित गर्नेछ । यही नै त्यस आशंकाको एउटा स्पष्ट उदाहरण हो ।